CC-0. In Public Domain. Digitization by eGangotri

पश्चाताप

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

Subha

Subha

श्रीमती

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नु पर्नेः

प्रस्तुत लघु उपन्यास की लेखिका होइवक्सिन्छ पूज्य गुरुआमा सुब्बाज्यू ! यो उहाँको प्रथम मौलिक प्रयास हो । विज्ञ पाठक-पाठिकका सम्मुख परिचयात्मक चित्रण प्रस्तुत गर्नु हुन्छ । कथा वस्तुको चित्रण गरिदा मनोवैज्ञानिकताका स्थान आदर्शवादिता प्रतिबिंबित भएको सुस्पष्ट छँदैछ । मनको विकारलाई अधीन राख्नु पर्छ, यस्तो स्पष्टता बुझाउने प्रयत्न गर्नु हुन्छ । सुकुल नारीको चित्रण गरी नारीत्वको स्वाभाविक भावुकता प्रदर्शन गर्नु हुन्छ एकपट्टि र अर्कोपट्टि स्त्रीजातिकै तुच्छता एवं स्वार्थपरता । यसरी उहाँको मौलिकतामा सरसताको आविर्भाव शीघ्र होलाभन्ने वैयक्तिक काल्पनिकतासिवाय अन्य केही होइन । आधुनिकताको अभिव्यक्तिपनि अभिहित छँदैछ । अतएव यस लघु उपन्यासले स्थान ग्रहण गर्न सक्लाभन्ने हामीले ठानेका छौं । किनकि मधुता तथा स्वादुता दुवै साहित्यिक गुण हुन् ।

नेपाली साहित्यमा महिला साहित्यिकहरुको अभाव रहेको छ । पत्र-पत्रिकामा एकाध कथाहरु लेखी समयको पार्श्व भूमिमा अदृश्य हुँदा हाम्रो प्रयोजनको सिद्धि हुँदैन । स्थिर रुपले साहित्यमा भाग लिने महिला साहित्यिकहरु प्रायः देखिँदैनन् । अतः अन्य लेखिकाहरुको उदय होलाभनी हामीले आशा गर्नु परेको छ । अन्ततः सुब्बाज्यू निरन्तर यसपट्टि बढ़िरहनु हुनेछभनी हामी परामर्श दिन्छौं । यै भन्नु पर्ने एउटा कुरो होः हाम्रोमा चारै दिशाबाट विलक्षण विचार आउन् ।

सम्पादन-लेखनी

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चात्ताप

[लघु मौलिक उपन्यास]

श्रद्धेय सम्पादक जी,
रूप-रेखा
का
सेवामा
समिदालाई

निवेदिका
माया देवी सुब्बा
इलाम ।

लेखिका—
श्रीमती मायादेवी सुब्बा

CC-0. In Public Domain. Digitization by eGangotri

* प्रकाशिका :

विष्णु राई C/o श्रीमती कृष्णा राई,
पल्टन बाजार, पो० कुंड़ाघाट
गोरखपुर ।

* सर्वाधिकार विष्णु राईका आधीन

* मूल्यः ७० नयाँ पैसा

* प्रथम संस्करण : एक हजार

* मुद्रक :
बजरंग शरण तिवारी
दुर्गा प्रेस
शिवाजी मार्ग
लखनऊ

श्रीमती विष्णु राईका निमित्त चन्द्रप्रसाद नेपाली द्वारा सम्पादित ।
सम्पादन तिथि : जनवरी १९६४ । स्थान : प्रवास, काश्मीर ।

CC-0. In Public Domain. Digitization by eGangotri

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

नेपाली दिदी !
समाजको कालो पर्दाले
ढाकेको हाम्रो जीवनमा
तपाईंको के सेवा
गर्न सक्छु ?
तपाईंप्रति प्रेमको
मेरो अवशेष
स्पंदन !
अतः दिदी !
तपाईंको सेवामा
यो 'सौगात' छ 'पुष्प'
समर्पित !!

बहिनी—
मायादेवी सुब्बा

CC-0. In Public Domain. Digitization by eGangotri

केही कुरा

श्रीमती मायादेवी सुब्बाको 'पश्चाताप' हेर्रे। नेपालको सामाजिक तथा आर्थिक छाप परेको देखिन्छ। कथाकारले आफूले देखेको चित्र पाठकका सामुन्ने प्रस्तुत गर्दछ। पाठकले त्यसै पृष्ठभूमिलाई अर्कै रूपमा देख्न सक्छभने सबै भूलहरू लेखककै हुन्भन्न सकिन्न। एकै पृष्ठभूमिमा कथावस्तुलाई लिएर लेखिएका दुइजना लेखकका दुवैवटा कथा भिंदा-भिन्दै हुन्छन्। कथाको भन्दा कथाकारिताका माँग र महत्ता बढ़ता छन्। यसरी मायादेवी सुब्बापनि कहिलेकहीं कलमद्वारा हामीलाई विउँझाउन छोड़नु हुन्न। विगत बीस तीस सालको सामाजिक औ शैक्षाणिक अनुभवले मायादेवीज्यूको चिंतनमा विस्तृत पृष्ठभूमि दिएको छ। यसकै आधारमा उहाँका विभिन्न छुटपुट रचनाहरूमा क्रमशः परिष्करण आउँदै गरेको देखेर खुशी लाग्छ। अनि यस 'पश्चातापमा' उहाँले सामाजिक समस्याको राम्रै चित्रण गर्नु भएको छ। विमला, शेखर र विन्दुका सहनशीलता औ आदर्श घरिघरि सीमानामा नअड़िन खोज्छन्। नत्र कथाको लमाइमा हाई आउन नपाउँदै कथा टुंगिन्छ। यस० विश्लेषणबाट के सिद्ध हुन्छभने मायादेवी सुब्वामा इमान्दार मातृत्व छ।

खगेन्द्रनाथ शर्मा, एम० ए०
प्रिन्सिपल
श्री महेन्द्र–रत्ना कालेज,
इलाम (पूर्व नेपाल)

इलाम
१२.६.०२०

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम अध्याय

'ए ! अलच्छिना विन्दु !! दूध त उम्लेर पोखी सक्यो, ल...उम्लेर पोखी सक्यो ।' जुठेल्नोमा भाँड़ा माँझिरहेकी विन्दुले हतपत सुनिन । पुनः प्रतिध्वनि गुञ्जायमान भयो,—'मरी कि क्या हो ? त्यसका बाबूको सम्पत्ति जाने होइन र पो त । कस्तो आपत्ति मेरो थाप्लोमा हालेर जानु भयो नी !' त्यस भनाइको केही प्रभाव नपरेको देरब्दा श्रीमती लक्ष्मी बूढ़ी बघेनीझैं झम्टिएर जुठेल्नोमैं विन्दुलाई लुछ्न पुगिन् । चुल्ठोमा समातेर जाँतो पिध्न थलिन्, लछार पछारपनि । त्यस हमलाले निघार ढुंगामा ठोक्किई उ मुर्छित भई ।

पल्लो ख्यालबाट चिच्चाई सुनेर लक्ष्मीकी जेठानी विमला र उनको छोरो शेखर चियाइरहेका थिए । विन्दु छटपटाउन छोड़ेकीले आमा-छोरा दौड़ी घटनास्थलमा पुगे । विमलाले अम्खोराबाट उसको टाउकोमा पानी खनाइदिइन्, मुखतिर छेपिदिइन् । शेखरले पंखा हम्काइदियो । सो दृश्य लक्ष्मी र उनको एकलौते छोरा शंकरचन्द्रले दौलोबाट साश्चर्य हेरिरहेका थिए । केही बेरमा विन्दु बौरिई । विमलाले उसलाई पलंगमा सुताइन् र आपनो नोकरलाई भाँड़ा माँझ्न अह्राइन् । लक्ष्मी रीसले आगो भइन्,—'दिदी ! मेरो घरमा जेमुकै होस् हजुरलाई फिक्रीचासो किन ? हामी धन्दा आफैं गर्नेछौं ।' तिनले मुस्क्वाई जवाब दिइन्,—'कान्छी ! हामी दुवै एउटै ससुराका बुहारी हौं । अहिले भिदै चल्हा भएपनि यी संतानहरू हामी दुवैका हुन् । त्यसैकारण दुवैबटीले फिक्री अनि चासो लिनु पर्छ ।' लक्ष्मी मनमनै चुर्मुरिइन् तर उत्तर दिन् सकिनन् ।

अनि शेखरले शंकरलाई परामर्श दियो,—दाज्यू ! विन्दुलाई गहिरो चोट लागेकोछ, अलिकति आईडिन लगाइ दिनोस्न ।' शंकरले टेड़ा आँखाले हेरेर जवाब दियो,—'कसैको म चाकर र ड्रेसर होइनँ ।'

CC-0. In Public Domain. Digitization by eGangotri

सहस्या

'दाज्यू ! विन्दु घरकी मन्छे होइन र ?' शेखरले साश्चर्य प्रश्न ग-यो ।

'मलाई थाहा छैन, तिमीनै लगाइदेऊ ।'

'उ तपाईंकी आफ्नी हो.....।'

'कान्छी ! विन्दुलाई गहिरो चोट लागेको छ । सम्हाल्ने जवावदेही तिम्रो हो ।'

'केही समयपछि उ तिम्री वुहारी हुने छ । छोरी-वुहारीमा अन्तर के राख्ने र । अझ वुहारी सधैं आफन्ती .....।' विमलाले सम्झाउने चेष्टा गरिन् ।

सो कथन सुनरे लक्ष्मी रीसले चरक्क चर्किन्—'कहीं की अनाथ ! टुहुरीलाई मेरो हीराजस्तो शंकर सित विहे गर्ने लायककी तपाईंले देख्नु भएको ? कसैले भन्दैमा टुहुरी, आमावाबु टोकुवी—मेरी वुहारी ।'

देउरानीको प्रत्युत्तर सुन्दा तिनी तीनछक्कै परिन् र व्यतीत विषय फस्टाइन,—'कान्छी', देवरज्यूले विन्दुका पितालाई वचन दिनु भएको थियो । मर्ने वेलामा उनले धन-सम्पति र विन्दुलाई देवरका संरक्षणमा सुम्पिनु भएको थियो । उहाँहरू स्वर्गीय भएपछि तिमी र शंकरले वचन पूरा गर्नु पर्छ । विचरी विन्दु !'

'वेवकूफहरूका वचन अनि शर्त पूरा गर्ने जिम्मेदारी मैले लिइनैं । विन्दुको सम्पति धेरै छभन्ने अड़को कसरी थाप्न सक्नु हुन्छ ?'

शंकरलेपनि चर्को स्वर सुनायो,—'वड़ीआमा ! हामीलाई हेलचक्राईं नगर्नु होला । हामीलाई कसैको धनको खांचो छैन, ननै घमेउटा सोहोर्ने करै । तपाईंहरूलाई झैं वड़ावाले धन सम्पत्ति छोड़ी वुवाज्यू जानु भएन ।' विमला र शेखर उक्त वाग्वाणले आहत भए ।

पलंगमा सुतिरहेकी विन्दुले आँसु चुहाउँदै विन्ती चढ़ाई,—'वड़ी मुमा ! म अभागिनीका लागि कचिंगल न गर्नु होला । दैवको अचानो परेकी म .....!' दुवै हत्केला ले मुहार छोपी विचरी विन्दु रून थाली । चाम मारेर लक्ष्मी घरभित्र पसिन् । शंकर घर पछाड़ितिर लाग्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

शेखर टवाँह परिरह्यो। विमला विन्दुनेर बस्न पुगिन्। दुवै हातले कोमल कोपल, केशराशी, पिठयूँ सुमसुमाइन्। आहत हंसिनीझैं, विन्दु आश्रयका लागि बड़ीआमासित टाँसिई। विमला का नेत्रबाट एक·····दुइ····· एक·····दुइ ममताका अश्रु टप्·····टप् टपिकए।

× × ×

शेखर चन्द्र र शंकरचन्द्र सुकुल घरीनिञा थिए। विराटनगरका खण्दानी मानिसहरूमा दुवैको गणना थियो। त्यही थलोमा कैयन् पुस्तहरू बितेका थिए। तिनीहरू बाजेका पालामा ऐकै भाँड़ाको भात खाएर हुर्के। सांसारिक गतिअनुसार बाजेका औ शेखरका पिताका चोला उठे पछि लक्ष्मीले लोग्नेको कमाइमा जेठानी-भतीजलाई अर्घेला देखिन्। रात दिन पिरोल्ने र सानो कुरामा कचिंगल उठाउन थालिन्। लौं भएन, महाभारत रच्न थालिन्। आमाको छोरा नरिवाले—शंकरलेपनि बड़ी आमा र भाइलाई हेप्ने र असल कुरामा पनि ईर्ष्या गर्ने। त्यसयसले विमलालाई असह्य भएको थियो। हाई स्कूलसँगै पढ़्दा शंकरले पिटन, लाती ठोक्न कुनै दिन विराएन। आमालाई पोल हाल्दा विमलाले छोरालाई गालामा च्वाप्पा म्वाइँ खाई खालि थप्थपाउँथिन्। विमला सहनशीला सुशीला थिइन्। उनका पिता बड़ा विद्वान् भएकाले विमलाई व्यवहार-पटु तुल्याएका थिए, साधुत्वको शिक्षा दिएका थिए।

त्यसका विपरीत लक्ष्मीलाई राक्षसी तराजुमा तौलिन सकिन्ने। शंकरका पिता केशवचन्द्र सज्जन, मिलनसार, दयालु र अति विनयी थिए। दाज्यू भाउज्यूलाई आमाबाबुसरह मान्थे। उस्ता व्यक्तिकी ग्रहिणी भइन्—लक्ष्मी। त्यै होला—भाग्यमा लेखेको मेटेर मेटिंदैन। केशव झैं समाजोत्थान चाहने व्यक्तिले अर्को विहे गर्नपनि अनुचित जँच्थ्यो। भाउज्यू बुझकी भएकीले अलग्गै राख्नमैं श्रेय ठाने। जोरी पारीका, समाजका दृष्टिमा कलह-कचिंगलबाट इज्जत जोगाउने उपाय सोहि थियो। मूल घरका छेवैमा अर्को घर बनाई सारा सम्पत्ति, कारखाना औ खे

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिको अंशबण्डा गरी जेठाकन्छाका घर जहान छुट्टिए। विमला प्रसन्नै थिइन्। अर्कोपट्टि लक्ष्मीले घरका नोकर-चाकर, कामदार र इष्ट-मित्रहरूलाई अनर्थ गर्न लागिन्। यसरी केशवलाई सम्हा नु बड़ो साह्रो पर्‍यो। विमलाले मसिना-मीठा बोली–वचन औ राम्रो व्यवहारले सबलाई ढाकिथिन्। देवरको छत्रछायामा औ इष्ट-मित्रहरूका सहयोगले उन्नति गरिन्। भाउज्यू पट्टिको बोझ हलुंग औ तिनको उन्नति देख्दा केशव हर्षले गद् गद् हुन्थे। आफ्नो घरचाहिं लथालिङ्ग र स्वास्नीको कच्कचले गर्दा जीवन अंधकारमय अवगत हुथ्यो तिनलाई। स्वास्नीलाई सम्झाउन भैंसीका अगाड़ि बिन बजाउनु किंवा भालूलाई पुराण सुनाउन-सिवाय अरु केहि थिएन। त्यसमाथि जेठानीका उन्नति औ सामाजिक मान-मर्यादाका ईर्ष्या ती पतिउपरै खनाउँथिन्। विमला को नोक्सान गर्ने सर-सलाह गर्थिन्। किनकि जेठानीको खतिमा तिनको द्वैष-ज्वाला शांत हुन्थ्यो। औघी मूक धारणाले लक्ष्मीस्वयं डाहाग्निमा डढ़िरहेकी थिइन् भन्ने उनैलाई अज्ञात थियो, पूर्खाहरूले भनेठीक–आइमाईको छोटो बुद्धि'! लक्ष्मीले जेठानी-देवरानीको नाता, वंश-कुल, इज्जत इत्यादि-लाई तिलाञ्जली दिइन्। आफूमात्रै हुनेखाने हुनु परोस् भन्ने तिनको लालसाको सीमा थिएन। जेठानीको उन्नति देख्न नसक्दा नानावलीका षड़यन्त्रादि रच्नमापनि पछि रहिनन्। तर जसलाई ईश्वरले बचाउँछन्, उसलाई कसैले मार्न, कुल्चिन सक्दैन।

एक पटक शेखरलाई डाक्टरी पढ़ाउन पठाउने विचारले तिनी भाज्यूकहां सल्लाह दिन पल्लो घरभित्र पस्दा लक्ष्मीलाई असह्य भएको थियो। त्यतिखेरै कारखानाको मधेशे मैनेजर हस्याङ पस्याङ हुँदै आइपुगेर समाचार सुनायो,—'मालकिन! मालिक!! मजदूरों ने हड़ताल कर दी है।' फेरि उसले नेपालीमा कुरा फस्टायो,—'रोज बढ़ाउने माँग गर्न आउँदा तपाईंले हप्काउनु भएको थियो, त्यसैले हड़ताल भएको हो। बड़ी मालिकनी ले ज्यादा रोज दिनु भएको छ, त्यसको ख्याल गर्नुपर्छ

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् कुल्लीहरू। लक्ष्मीले राँको भएर आज्ञा दिइन्—'कारखाना गईकन गोली चलाउने धम्की दे। के मैनेजर भएरपनि कुल्लीहरू लाई लत्याउन नसकेको ? पल्लो घरको मैनेजर रघुवीर भए सबै ठीक्कै पारि-दिन्थ्यो।'

मैनेजरले गला साफ गरेर सानो भाषण सुनायो,—'कोई भी गोली चलाने का हुकम नहीं दे सकता है। जिस तरह बड़ी मालकिन ने प्रबन्ध किया है वैसे ही आप लोग भी करें, नहीं तो नतीजा अच्छा नहीं होगा। बड़ी मालकिन कैसी दयावती हैं।'

लक्ष्मीले मुख छोड़िन्,—'तँ मोरालाई दुइसय रूपियाँ मासिक दिएको पैंचो यसरी तिर्छस् ! जा, तेरै पियारी बड़ी मालिकनी साहेबकहाँ। मेरो घरको विनाश गर्ने उही त हो नी !' लगतै उसले सोहि गतिले जवाब दियो,—'दो सौ वेतन लेकर मैं मजदूरों पर गोली नहीं चला सकता हूँ। उन्होंने माँग की है, उनकी मांग पूरी होनी चाहिये। ऐसी नौकरी मुझे नहीं चाहिए।'

त्यतिरवेरै शेखर आइपुग्यो। मैनेजरले प्रश्न ग-यो,—'छोटे बाबू ! मालिक कहां हैं ? मजदूरों ने हड़ताल कर दी।' त्यतिसुन्नसाथ शेखरले पुकारचो,—'काका ! कुल्लीहरूले हड़ताल गरे रे···।' घरभित्र दौड़िन्दै पस्यो। केशवचन्द्रले मैनेजर र शेखरलाई जीप लिन दौड़ाए। अनि त्यसै-वेला लक्ष्मीले घरभित्र प्रवेश गरी भनिन्,—'यहाँ भने देवर भाउज्यूको गफ ! भाउज्यूचाहिँले सिरकमा गुटुमुटाएर सुताएको चाल पाएपो हुन्थ्यो। उसकै जालसाजले कारखानामा हड़ताल भइरहेको छ। भाउज्यूको पछि लाग्ने देवरलाई के थाहा ? माया पिर्ती गरागर ! मेरो शंकरलाई जोगी बनाउने सुर कसेको होइन ? यत्रा छोराहरू भइसकेपछि पनि चाटाचाट गर्नु नपर्नेथ्यो।'

सुधा केशवचन्द्रका पनि टुपीबाट धुँवा छुट्यो। स्वास्नीको चुल्ठोमा समातेर दुइ-तीन लात हरो। ढाड़मा गुड़काई दिए। विमलाले छुट्टाइन्।

CC-0. In Public Domain. Digitization by eGangotri

तिनले देवरलाई सम्झाइन्,—'नानी ! तपाईंले रीसको झोंकमा अनर्थ गर्नु भयो। कान्छी हामीभन्दा काँचै उमेरकी हो। उसको भनाइमा हामीले रीस गर्न हुँदैन।" पश्चाताप, घृणा, खेद औ उत्पीड़न अनुभव गर्दै केशवले भने,—'भाउज्यू ! मुख छ भन्दैमा जे मनमा आयो सोहि निकाल्न हुँदैन। यस आइमाईको अलक्षणले हाम्रो कुल नाश हुने छ।'

'नानी ! त्यस्तो नराम्रो वचन मुखबाट ननिकाल्नु होला। तपाईं बाहिर जानु भएको वेला सल्लाह गर्न सकिनँ र मैनेजरको कथन-अनुसार कुल्लीहरूलाई खान सम्म महामुस्किल परेकोले मैले रोज बढ़ाइदिएँ। आजको हड़तालको कारण यही थिएछ। अब कुल्ली-हरूको रोज बढाइदिनु होला, गड़बड़ शांत हुनेछ। मसित एक हजार रूपियाँ छ, लैजानोस्। यो मूल पूंजीले कुनै कारबार खोल्न सके घाटा पूरा हुनेछ। राम्रै आयस्ता होला तब।"

'भाउज्यू ! तपाईंको सदा ऋणी रहनेछु। कुल्लीहरूको रोज बढ़ाइदिने रूपियां मकहाँ छ यसघरि। यदि खाँचो पर्‌योभने लैजाने छु। अहिले सो रकम ~~[illegible]~~ रहोस्।' तदुपरान्त केशवचन्द्र कारखाना-तिर गए। विमलाले लक्ष्मीलाई सम्झाएर पल्लो घरमा पुराइन्।

द्वितीय अध्याय

केशवचन्द्र चढ़ेको जीप जोगबनी रोडमा दौड़िरहेको थियो। उनको मानस पटमा नानाथरिका कुराहरू खेलिरहेका थिए। गृहिणीको प्रवृतिवारे सम्झँदा निराशाका मेघाच्छादित हुने तिनको हृदयाकाशमा। फेरि कुनै प्रेरणाले तिनको दुःख, मनचिन्ते रोग अलिकता घटने। शंकरपनि बी० ए० मा पढ़्दै छ—यस्तै कुराहरू सोचिरहेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

शेखरले बी० एस० सी० गरेको हुनाले केशवचन्द्रले डाक्टरी पढ़न पठाए। शंकरचाहिँ स्वाभिमानी र ईर्ष्यालु हुनाले पढ़नमा भन्दा विलासी साधनपट्टि प्रवृत रहने। अनि घेरै पटक अनुत्तीर्ण रह्यो। मिथ्याभिमान उसले आमाबाट सिकेको थियो र दुश्चरित्रता गुण्डा साथीहरूबाट। राम्रो काम गर्नै उसले सिकेन, सिनेमा, पिक्निक्, पार्टिमा भाग लिनु र नाच-गानको भोगी भइसकेको थियो। जहिलेपनि खर्चै मगाउने। त्यसमाथि लक्ष्मीले पतिबाट आँखा छलेर महीनैपीच्छे रूपियाँ पठाइदिन्थिन्। तिनले माइततिरपनि श्रीसम्पत्ति राख्न थालिन्। शंकरको भलो चिताउने माता लक्ष्मीले द्वरदर्शिताको नाउँ बिर्सेकी थिइन् क्यार। यसरी लथालिङ्गमाथि भताभुङ्ग भएकोले श्रीसम्पत्ति बाटो लाग्दै गयो। अर्कोपट्टि विमलाको गृह सञ्चालनले विलक्षणता पक्रेको थियो। नोकर र कामदारहरूलाई तिनले दयाभाव दर्शाउँथिन्। दुःख, संकट परेका बेला मदत गर्थिन्। अतः उनलाई सबले मातातुल्य ठान्थे। तिनको सम्मानका लागि सबले भक्ति-पूर्वक टाउका निहुराउँथे। तिनको आदर सबले गर्दा लक्ष्मी औधी अप्रसन्न हुन्थिन्। त्यसमाथि लोग्नेपनि भाउज्यूप्रति विश्वास गर्नलाग्दा ती रीसले भुत्भुतिन्थिन्। अतः कहिलेकहीं स्वर्गीय दाज्यु समरचन्द्रलाई तिनले सम्झँद थिए,—स्वर्गबाट पनि आदर्श पत्नी र स्नेही सुकुल बिमलाको सद्व्यवहार हेरी खुशाउँछन् होला। दाज्यू! भाग्यशाली हुनुहुन्थ्यो, मझैं दुःखी होइनँ। असल स्वास्नी पाउनपनि भाग्यै रहेछ। देखेकोले होइन, लेखेकोले—जुरेकोले हुन्छ भन्ने विषय कति साँच्चो रैछ। केशवचन्द्र सधैं भाग्यलाई दोषाउँथे। अनि एवंरीतिले काल चक्र परिक्रमा गरिरहेथ्यो।

मिलनसार केशवचन्द्रका धेरै मित्रहरू थिए तीमध्ये हितैषी मित्र राजबीरकी श्रीमती को आकस्मिक देहान्त भयो। पत्नी शोकले राजबीरपनि तीन महीना पीछ सुरधाम हिंड़े। तिनकी एउटी दस वर्षीय पुत्री अनाथ! टुहुरी भई। मर्नभन्दा पहिले राजबीरले केशवलाई धन सम्पत्ति सुम्पिन्दै भनेका थिए,—'केशव! यो नासो, मेरो मृत्युपछि टुहुरी हुन्छे। यसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

बुहारीको पदमा आसित गरिदेऊ, यही मेरी अन्तिम इच्छा छ ।' केशव-चन्द्रले वचन दिए । दस वर्षीया टुहुरी थिई—विन्दु ! सोहि विन् ....न्दु..... ! केशवलाई पत्नीउपर विश्वास थिएन । स्वास्नीको स्वभाव विचार्दा तिनलाई निराशा लाग्थ्यो । दिएको वचन पूरा गर्नभन्दा पहिल्यै तिनले भाउज्यूलाई जताएका थिए,—'भाउज्यू ! मित्रकी नासो ! मसित छ, यसलाई सम्हाल्ने तपाईंको जिम्मेदारी हुनेछ । शंकरसित विहे गराई मेरो वचन पूरा गरिदिनु होला, यदि म मरिगएभने । भाउज्यू ! मनुष्य चोलाको विश्वासै छैन रत्ति भर ।'

विमलाले सम्झाइन्,—'नानी ! हिम्मत नहार्नोस् । सबै ठीक ठाक हुनेछ समयमा ।' तैपनि तिनलाई मनमा कस्तो कस्तो लाग्ने । विन्दुको भविष्यको कुरा सोच्दा तिनको मन छिया छिया हुने । अनेक गर्दापनि मनमा शांति थिएन । यस्तै क्रम रहँदा एक दिन सबलाई भेला पारी मनको धोको फुकाउने निश्चय गरे । अतः तिनले सबलाई बोलाए । सबभन्दा पहिले स्वास्नीलाई लक्ष गरी भने,—'हेर ! विन्दु सुशील र सुन्दर छ । उसका पिता मेरा हितैषी मित्र थिए । समयको हुण्डरीले दुवै दम्पतिलाई सोहोर्‌यो । उनले श्रीसम्पत्ति र विन्दु मलाई सुम्पेर गए । उनको हार्दिक, अन्तिम इच्छा सबलाई थाहा छ । हाम्रो छत्रछायामा विन्दु सुखी रहन सक्छे । विन्दुलाई मैट्रिक गराई शंकरसित विहे गरिदिनु । यसलेपनि त्यतिञ्जेल बी० ए० पास गर्ला त ।'

विन्दुलाई पुलुक्कै हेरी लक्ष्मीले जवाव दिइन्,—'शंकरका बा ! आफ्नो घरानाको सम्झना तपाईंलाई छँदैछ त, त्यसमाथि एकलौतो छोरा ! हाम्रो कुलको दीप !! तपाईंका नाती-नतिनीले मावली खोजेभने जवाबै दिनु मुस्किल पर्छ । हामीले ठूल्ठूलाहरूसँग नाता जोड़नु पर्छ । मेरो शंकर लाख टक्काको लाल हो, दसवटी तयार होलान् यस घरमा आउनु ।'

CC-0. In Public Domain. Digitization by eGangotri

केशवज्यू जवाब सुनेर निलै परे। शंकरले आमाकै आड़ लियो। विमलाले बीचैमा भनिन्,—'कान्छी ! तातो रीसले हुँदैन। भविष्यतक वन्ने कुरा सोच्नु पर्छ।' फेरि तिनले देवरलाई लक्ष गरेर भनिन्,—'नानी ! निस्फिकी रहनु होला। शंकर जवान भएपछि सबै तारतम्य मिल्लान्। उसले पिताको वचन खेर नजानु देलाजस्तो मलाई लागेको छ। फेरि नानीले किन चिन्ता गर्नु भएको ? हँन, अहिले त केही भएको छैन। भवितव्यको कुरा हेर्दै जाऊँला त। को अघि, को पछि मर्छ, त्यसको पत्तो कसैलाई छैन। नानी—बाबू ! सुर्ता नगर्नोस्। यसले जीउमात्रै घट्छ। ढुक, गन्थन थन्काऊँ।'

तिनलाई भाउज्यूको सुझाउ मन प-यो। तैपनि भवितव्य के कसो होला भन्ने विचारले गुप्तरूपले काठमाड़ौंका वकीलसित मिली बनारसमा विन्दुको पक्षमा केही लेखापढ़ी गराउन पुगे। तिनले लेखापढ़ीमा के के गराए त्यसको पत्तो स्वास्नी छोराहरूलाई भएन। लक्ष्मीले भने यति भनेकी थिइन्—'बूढ़ेस्कालमा तन्देरी हुनु परेको, कता कता घुमिहिँड़दा आफूसमान भएको शंकरले के भन्ला है।'

'चुप ! ·····चुप लाग·····।' कठोर स्वरले केशवले बनारसबाट घर पुगेकै वेला भन्नु परेको थियो।

'किन चुप लागूँ ? मेरै दूध खाने शंकर यो घरको कुल दीप हो।'

स्वास्नीको भनाइ सुन्दा केशवलाई भनेसम्मको रीस उठ्यो। अनुत्तर ती चुपचाप वसे। एकछिनपछि भाउज्यूकहाँ गए। उनलाईपनि तिनले सत्य कुरा भनेनन्: काशी धाम हेर्न गएको विषय फस्टाए। एकछिन दुख: सुखको कुरा गरी विन्दुलाई बोलाए। छेवैमा राखी स्नेहपूर्वक कोनिकिन उसको टाउकोमा सुमसुमाए। तिनको आश्चर्यचकित गतिविधि देखेर विमलाले भनिन्,—'नानी ! तपाईको मोहड़ा भिँदै देख्छु आज। थाक्नु भयो क्यार, विश्राम गर्नु होला।' केशवज्यूले प्रत्युत्तर दिए,—'यो जीवनमा विश्राम छैन—भाउज्यू !'

CC-0. In Public Domain. Digitization by eGangotri

साँझतिर आफैं जीप स्टार्ट गरी गियर लगाई ड्राइव गर्न थाले। मनमा कुरा खेलाउँदै तिनले जीपको स्पीड बढ़ाउन थाले। अभाग्यवश रंगेनी रोडमा बससित ठोक्किन्दा जीप पल्टयो। केशव नराम्रो गरी आहत भए। दुर्घटनाको समाचार चारैतिर फैलियो। विमला र विन्दु दौड़े, लगतै लक्ष्मीपनि दौड़िन्। घटना स्थलमा पुग्दा केशवको प्राण-पँखेरू निस्किसकेको थियो। विमला र लक्ष्मी डाका छोड़ी रून थाले र विन्दुले अनुकरण गरी।

लक्ष्मीलाई आपत्तिले घेरेर ल्याउँदा त्यसको कारण विन्दुकै टाउको-माथि खनियो। रूढ़ीबूढ़ी सामाजिक प्राणीले दोषाउने—विन्दुकै अलच्छि-नाले हो। पहिल्यै आमाबाबुपनि टोकेकी। त्यसमाथि आश्रयदाताको जीवन लीला समाप्त भयो। आपद्माथि विपद् आइलागेको छ। त्यसो भए कोले पढ़ाई छुट्यो। रात दिन को कचकची अचानो थिई बिचरी। उसका अगाड़ि हुन्थे : जूठा भाँड़ा-वर्तन, कुच्चो—पोतो आनि कमर भँचाउने धन्दापात। पल्लो घर की बड़ीआमा नभए उसले एक साँझपनि राम्रो खान पाउन थिइन। लक्ष्मीले लौरोले सुम्लाएको बेला कहालिँदै ओत लाग्न पुग्थी पल्लो घरां त्यो निर्दोष बाला! लक्ष्मी को कठोर शासन मा शुक्ल पक्षकी चन्द्रमाझैं हुर्कन्दै गई सो नेपाली बाला, भर्नौं—नेपाली गृहिणी!

पति छउञ्जेल लक्ष्मी लड़नमैं सधैं कटिबद्ध रहेकीले कामकाजको हेरचाह गर्ने विद्या सिक्न सकिन्न्। मधेशे मैनेजरको भर पनुं परेको थियो। छर छिमेकीहरू काखी बजाउन पछिरहँदैन थिए। जेठानीले कहाँसम्म टेवा दिउन्, आखिर तिनीपनि एउटी नारी! त्यसमाथि लक्ष्मी आफूलाई चनाखो र बुद्धिमनि सोच्थिन्। सुहाउँदो नियन्त्रण नरहेकोले कामदारहरूले प्रशस्तै पेट भर्ने मौका पाए। लक्ष्मीले कुटम्ब गएकी छोरी माधुरीलाई बोलाउने निश्चय त गरिन् तर केले त्यसो गर्न सकेकी थिइनन्। स्वार्थी कारिन्दाहरू औंधी खुशाउँथे— पोई म-यो तेरो, ताक

CC-0. In Public Domain. Digitization by eGangotri

परचो मेरो । पुल्पुले छोरालाई ऋण काढ़ी पठाएको पैसाको ब्याज को तमसुकमा सही नटेकाई घर थिएन । साउँ ब्याज गरी हजारौं पुग्दा तिनले नाइँनास्ति गर्ने कुरामात्रै प्रारम्भ गर्दा साहु-महाजनले घर-आयस्ता-को लीलामी गर्ने कुराकंथा चलाउँदा अन्ततः तिनी निहुरिइन् । साहु-महाजनको कालो करतुतबाट लरतरले उम्कन कहाँ पाइन्थ्यो र । शाके साहुले विटाटनगर मालमा र पड़यन्त्री सुकुल गुण्डो महेश लालले गोश्वा-रामा नालिश हालेका चालपाउँदा तिती छांगोबाट खसेझैं भइन् । मुद्दा नजिती दस मान्छेको सामुन्ने जिल्ल पर्नु पर्थ्यो । गोश्वारामा फरेब लगाइएका थियो कि फलानीले मेरा घर दलानमा पाँचजना लाठे लुट्न पठाएकी थिई । झूटटा साक्षीहरू अदालतमा उभिए का थिए । मालमा परेको थियो—हजारौं रूपियाको हिसाब तिर्न नमानेको तफसील । घुस-पेस, कुटुनी-भरूनी, जितौरी—फर्सौंनी गर्दा लक्ष्मीले घरै सम्पत्ति तह लगाउनु प-यो । चार तिरको समस्या संग्ल्याउँदा जग्गा-जमीन बाटा लागे औ कारखानाको आधार हल्लियो ।

अर्कोपटि्ट छोराले 'मनीको डिमाण्ड' गर्न नछोड़ने । माधुरी यस-पालिको दशैंमा टीका लगाउन आउँदा भनिराखी—'आमा ! दाज्यूलाई रूपियाँ नपठाउनु होला ।' यस्तै सिलसिलाले शंकरले निकै पटक फेल हुँदा भाग्यवंश विश्वविद्यालयबाट डिग्री पायो । पढ़ाई सकिएपछि शंकर घर फर्क्यो—टाउकोमा हैट, सूटबुट, मुखमा सिगार च्यापेर । पहिलाको शंकर र त्यसघरिको शंकरमा कता हो कता फरक । बाल डाँसको शौकीन, हावभावमा स्फूर्ति, महिलागणलाई हैट निकाली केही झुकेर स्वागत गर्ने, साँझ बिहान मदिरा चाहिन्ने उसलाई । पक्का अंग्रेज भएको थियो मोरा, पक्का अंग्रेज—विसिएर नेपाल भूमिमा जन्म लिए को थियो । विन्दुपनि त्यतिञ्जेल ठूली भइसकेकी थिई । पहिल्यै भेटमा उसले भनेथ्यो,—'यू सिली गर्ल !' अनि उसले आमालाई पहिलाझैं सम्बोधन नगरी भनेथ्यो,—'मम्मी ! माई डियर मादर !!' लक्ष्मी तीनछक्कै

CC-0. In Public Domain. Digitization by eGangotri

परेकी थिइन्,—'हँन, काजी ! कुन भापामा बलौउछस् मलाई ?' तदुपरान्त लक्ष्मीले छोरालाई विन्दु विमला र शेखर का विरुद्ध भट्काइन्, यसरी आँगनमा विष-वृक्षको विरुवा रोपियो ।

तृतीय अध्याय

लखनऊबाट अध्ययन समाप्त गरी एम० वी० वी० एस० को डिग्री पाई शेखरपनि घर फर्क्यो । छर छिमेकीहरू शेखरलाई हेर्न, भेटन आए । लक्ष्मीले ख्यालबाट चियाएर ओठ लेब्राइ दिइन् । विन्दुले आँखा जुझाएर मुस्कवाइ दिई । शेखरले ठिम्याउँदामात्रै चिन्न सक्यो । शेखरले मेडिकल कालेजका साथीहरूको चर्चा ग-यो केटहरूसित । त्यतिखेरै शंकर कतैबाट आएर शेखरलाई हेरेर भन्यो,—ओह ! यू बीकेम सो टाल !' भनेर शंकरले सिगार निकालेर भाइलाई दाज्यू—भाइले हाथ मिलाए । दिँदा शेखरले इन्कार ग-यो । केही मुस्कुराएर शेखरलाई धाप मार्दै च्वास्स माचिस जलाएर सिगार तान्दै पल्लो घरमा पस्यो । एकपालि ठहाका मारी हाँसेर शंकर माथिल्लो तल्लामा चढ्यो । उसको अनौठो चालढालले सबै आश्चर्य हुन्थे । एक दुइ दिनदेखि मानिसहरूले भन्नथाले,—'शेखर बाबू र शंकरबाबूमा धेरै अन्तर छ । शेखरबाबू डाक्टर हुनुहुन्छ ।'

तीनदिनदेखि विन्दुलाई ज्वरोले सिकिस्त पारेको थियो, यो विषय विमलाले चाल पाइन् । तिनले भनिन्,—'कान्छी ! विन्दुको हेरचाह हुँदै छ जस्तो मलाई लागेन ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'होइन, मैले त्यति भन्दैमा के बिग्रयोर ? कसैको ज्यान सित्तैमा नजावोस् भन्ने कुरो पो मैले गरेकी ।' उनले बाहिर निस्की हपारिन्,—'शेखर ! ए शेखर ।'

'दिदी ! तपाईको शेखर डाक्टर भएरपनि मलाई जताउनु पर्छ र ! वहीं लगेर इलाज गर्न लगाउनु होला । मलाई वास्ता छैन कसैको ।'

शेखर देखा प-यो । सुत्न कोठाबाट शंकरपनि आयो । उसले भन्यो,—'मेरो भाइ ! विन्दुलाई लैजाऊ र इलाज गर । आई डोन्ट टु सी सच ए सिक वुमैन !'

'शेखर ! विन्दुलाई लैजानु पर्छ । उ सिकिस्त छ ।' विमलाले भनिन् र शेखरले चुपचाप विन्दुलाई उठाएर लग्यो । लक्ष्मीले जोरसित ढोका तानिन् । उसलाई निमोनिया भएको थिएछ । शेखरले तुरंतै इन्जेक्सन लगाउँदा उ केही छटपटाई । विमलाले तातो पानीको मरम-पट्टी सेक्न थालिन् । गरम कोठाभित्र छः सात पत्र ओढ़ने लुगा खापिदियो उसले र परेवाको मासुको झोल खुवाउने कुरा आमालाई जतायो ।

साँझपखी पसिनैपसिना भएर विन्दुले लुगा यताउति फयाँकी । विमलाले पसिना पुछिदिँदै तातो झोल खुवाइन् । विन्दुलाई निकै सञ्चो भइसकेको थियो । उसका अगाड़ि शेखर उभिएको उसले देखी । विमलाले भनिन्,—'के र विन्दु ! शेखरले तेरो इलाज गरिनहालेको भए निकै मुस्किल पर्थ्यो ।' शेखर त्यहाँबाट निस्केर बाहिरियो । कोनी कस्तो विरहले विन्दुले टाउको उनका वक्षःस्थलका माझमा टेकाएर हिक्का छोड़ी । आँसूले उनको छाती भिज्दा ममता जाग्रत भयो ।

भोलिपल्ट बिहानीपख उ चंगा भइसकेकी थिई । उसको कोठामा प्रवेश गरेर शेखरले नाड़ी छाम्यो,—'ज्वरो छैन ।'

'शेखरबाबू ! तपाईंकी आभारी रहने छु, तर मलाई नबचाउनु भएकोभए असल हुने थियो ।' विन्दुले मधुरो स्वर उच्चारित गरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

'त्यसो होइन, मेरो कर्तव्य रोगीलाई निको पार्नु हो । जीवन अमूल्य छ, मर्नका लागि होइन, जिउनका लागि हो ।' शेखरले टेबलमाथि-को बोतलबाट मिक्स्चर सुरिले ग्लासमा मात्रानुसार सारेर खुवाइदियो । त्यसपछि द्रुतगतिसाथ त्यहाँबाट पल्लो कोठातिर गयो । कुतूहलवश विन्दु हेरिरहेकी थिई शुन्य भावले । एकछिन पछि उसले शंकर र शेखरका व्यक्तित्व कल्पने तराजुमा हाली तौलिन थाली ।

पल्लो कोठामा शेखरले भन्यो,—'मुमा ! मलाई नेपाल सरकारले बोलाएको छ, भोलि म जान्छु । किनकि घरैमा बस्नेभए मैले मेडिकलको डिग्री प्राप्त नगरे हुन्थ्यो । एउटा डाक्टरको दृष्टिले मलाई कर्तव्यले बोलाइरहेको छ । त्यसमाथि हाम्रो मुलुकमा डाक्टरहरूको अभाव छ ।'

जोगबनी स्टेशनमा शेखरलाई पुराउन जानेहरूको संख्या निकै थियो । शंकर घरानतिर घुम्न गएको थियो । लक्ष्मीले केही वास्ता गरि-नन् । विन्दुलाई शेखरले हिंडै डुल नगर्ने परामर्श किएकोले उ जोगबनी स्टेशन तक जान पाइन र उसलाई चुकचुकी लागिरहेको थितो । पौने छः बजे रेलगाड़ीले स्टेशन छोड्यो, सबैले उसकै चर्चा गरिरहेका थिए त्यसघरि ।

'बड़ी मुमा ! शेखर बाबू जानु भो ?' विमलालाई देख्न बित्तिकै विन्दुले सोधी ।

'अँ, विन्दु ! देशको सेवा गर्छ, दुःखी गरीबको इलाज गरीकन ज्यान बचाउँछ ।'

'बड़ी.....!' मनको जिज्ञासा प्रकट गर्न सकिन । बड़ीआमैले पुलुक्क हेरी नाक उचालिन् । मुस्कानसाथ विन्दुले आँखा चिम्ली कसैको मूर्ति मानसपटमा बसाली । त्यतिका दिनपछि उसका मुहारविंदमा मुस्कान देख्दा विमलाको हर्ष को सीमाना थिएन ।

दुइ दिनपछिपनि लक्ष्मी र शंकर विन्दुलाई हेर्न नाआउँदा विन्दुकै अनुरोध ले विमला पल्लो घरभित्र सोध्न पुगिन् । लक्ष्मीले दाह्रा किटी

CC-0. In Public Domain. Digitization by eGangotri

निर्णय सुनाइन्--'दिदी ! मेरो घरभित्र विन्दु पस्न पाउँदिन । मैले सम्झे की । छु कि त्यो भित्र्याइएकी केटी हो, यस घरबाट लगारिएकी आइमाई हो । म त्यसलाई लिन सक्दिनँ, त्यसको काया गइगयो ।'

'कन्छी ! मेरै घरमा न थिई विन्दु ।'

'दिदी ! मलाई धुर्की नसुनाउनु होला । मेरो फैसला ढुंगामा कोरिएको रेखा हो । मलाई कसैले कर लगाउन सक्दैन ।'

सिकुवाबाट सो भनावैरी विन्दुले सुनिरहेकी थिई । अतः कोठाभित्र प्रवेश भएर गह्रौं पाराले घोप्टी । उ एकाएक तड़पिन थाली, रून थाली र ईश्वर पुकार्न थाली ।

लक्ष्मीले सन्देश सुनाई,—'मेरो शंकरको विहे बी० ए० सम्म पढ़ेकी केटीसित हुने भएको छ । ठूलाकी छोरी बुहारी भई आउँने छ । केटीका बाबु-माइतीका इज्जत, धन इत्यादि छन् । मेरो छोराले ठूलो मानिस हुने मौका पाउँने छ ।'

'तिम्रो काम सप्रोस् ।' विमलाले गहका नेत्रजल कपोलमा झार्दै फनक्क फर्किन् । लक्ष्मीले प्रसन्नाता अनुभव गरिन् । वर विन्दुले करूण स्वरले फस्टाई,--'मैले सबै सुनें बड़ी, सबै सुनें ।' विमलाले सान्त्वना दिनार्थ उसका केशराशी सुमसुमाइन् । बड़ीमुमाको बदला—'मुमा !' भनी विन्दुले बालिकासदृश उनलाई अँग्याल्याई । उसले ममतामयी माता पाएकी थिई ।

× × ×

विहेको तयारी शुरू भयो । लक्ष्मीले नरनाता बोलाइन् । ज्योतिषीले घलौटी कोरी लगन निकाले । पन्ध्र फाल्गुनको दिन विहे सम्पन्न हुने ठहरियो । गर गहना, लताकपड़ा औ सारा सर्जाम ठीक्क गरिए । टपरी-दुना गाँसिए । यी तारतम्य मिलाउँदा लक्ष्मीले जेठानीसित सर सल्लाह गर्न के, एक वचन सोधिनन् सम्मपनि । विमलाले मन दुखाइन् त्यसबारे ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस दिन नौमति बाजा बजे बिहानीपख औ साँझखेर माइकमा सिने दुनियाँको गीत । ब्याहुली घोड़ामा चढ़ी ब्याहुली लिन जन्तीसित हिंड़यो । विन्दुले शंकरलाई सिंगारिएको रूपमा देखी र बार्दलीबाट जन्तीहरूलाई एकपल्ट हेरी आफ्नो कोठाभित्र पसी ।

बरियात गएको राती विमलाले रतेउलीमा भाग लिइन्, गाइन्, नाचिन् र हँस्याउली गरिन् मानुं त्यसदिन तिनी अत्यन्तै प्रसन्न थिइन् । देउरानीले नबोलाए तिनले त्यसको पर्वा गरिनन् । विन्दुलाईपनि जबर्दस्ती सामेल गरिन् त्यस सभामा । घरानकी गुरुङ्गसेनी माहिँलीले लोग्ने मान्छेको पोशाक लगाई सबलाई समाल्ने,—'यस तरुणीलाई तान्छु, खित्काको, ठहाकाको प्रतिध्वनि गगनभेदी भई उठेको थियो । विमलाले चारैतिर नजर दौड़ाइन् लालटेन को प्रकाशमा तर विन्दुलाई देखिनन् । उनले खोज्दै जाँदा, उसलाई रूइरहेकी भेट्टाइन् । तिनले ठिठाइन् 'विन्दु, नरु कठैवरी नरूव-बा-' घर बाहिर को हाँसो को प्रतिध्वनिले एकपालि घरै उचाल्यो र दुवै प्राणी थिए मौन !

भोलिपल्ट जन्ती फर्क्यो ब्याहुली लिएर अनि सासुले साँघरबाट तानेर बुहारी भित्र्याइन् । एकछिन विधि आदि सिद्धिएपछि नर नारी बिस्तार आफाफ्ना बाटा लागे । साँझ को डुब्दै गरेको घामको रातो किरणमा विन्दुले नव दुलही देखी—सामुन्ने को बार्दलीमा । एउटी नव युवती, गोरी नाक नक्सा भएकी । नव युवतीसँग आउने लोकन्तीले उसका सामुन्ने आएर भनी,—'शीला दिदी कसैले भित्रबाट बोलाउनु भएको छ ।' युवती त्यहाँबाट गई । वल्लो बार्दलीमा उभिएकी आहत मृग नयनीः नव यौवना—विन्दुले लामो सुस्केरा फेरी,—'कस्ती सुन्दरी ।...'

त्यसको भोलिपल्टै शंकर सपत्नी अरुहरुसँग दुरान फर्काउने नियम पूरा गर्नाथ ससुराली गयो । एक साता पश्चात् शीला र शंकर फर्किआए । लक्ष्मीले मनको धोको पुराइन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

विन्दुले छोड़े को क्लासबाटै फेरि पढ़न थाली । विमला र विन्दु कारखाना जान्थे । वहाँ उसले घरेलू उद्योग धंदापात सिकी । सिलाइ बुनाइ की अध्यापिका भई । अघिकी विन्दु त्यसघरिकी विन्दुझैं पटयाक्कै थिइन । उसले बैंशोकोलिस्नु चढ़िसकेकीथिई । उसको चाल मंद भइसके को थियो । सुडौल हात पाउमा ताकत चढ़ि सके को थियो । मानसरोवर की अभिमानी हंसिनीझैं सुस्तेरी हिंड़दा उसका अंग प्रत्यंग भिदाभिन्दै देखिन्थे । मुस्क्वाइमा मीठास थियो त हँसाइमा स्वाद । स्पर्शमा कुत्कुती त हेराइमा अनौठोपन । उसको छरितो जीउमा गुलाबी ब्लाउज अनि पहेंलो साड़ी हाँस्दथिए त हरियो स्याण्डलमा सेतोपन अलगै हुन्थ्यो । उसको एक लट्ठ पारी बाटिए को चुल्ठोले युवती सर्पिणीको संज्ञा दिन्क्यो ।

उसले मैट्रिक गर्ने तारतम्य कसी त्यसै सिलसिलामा । एक दिन उसले स्कूलबाट आइपुत्तबित्ति कै बडी आमाले छिमेकी बाहुनी बज्यै लाई भन्दै गरेकी सुनी,—मेट्रिक गरेपछि विन्दु को बिहे शेखरसितै गरिदिन्छु । उसले सो कुरा सुन्दा ईश्वरीय वरदान पाएझैं लाग्यो । सामुन्ने को टेबलमा किताब हरू राख्दा केही प्रतिध्वनि निस्क्यो । बड़ीले बाहिर चियाएरचुप लगीं-भन्ने संकेत गरिन् । त्यतिखेरै विन्दुका आँखा भित्तामा झैं झुण्डाइएको शेखर को फोटोसित जुझे । फोटोले कुरीकुरी गरिरहेझैं उसलाई लाग्यो । दुवै हातले मुख छोपेर भान्साघरपट्टि दौड़ी । उसको छातीको स्पन्दन बढ़िरहे को थियो तीव्र गतिले । उसले हतारसाथ खाजा खाई र बार्दलीमा गई । उसको हर्ष को ठिकाना थिएन । सारा संसार उसलाई रमाइलो लाग्यो । लगतै शेखर ले भर्खरै पठाएको पत्र दुइ तीन पल्ट पढ़ढापनि उसको घित मरेन ।

शीला र शंकर को प्रगाढ प्रेममा खल्लोपन आइसकेको थियो तीन चार महीना भित्रै । विन्दुलाई शीलाले सहेली पानें कोशिश गरी तर उसले जतातते हिंड़िहिंड़ने कुरो एक मानिन । त्यसो भएकोले अधिकतर शीला आफै डुल्न जान्थी । उसले शंकरको प्रेम मा मोज पाउन छोड़ी ।

CC-0. In Public Domain. Digitization by eGangotri

घरमा सासुले गन्गन गर्दा उसका कानसिरी तातिन्थे। गन्गने सासुको मान राख्न उसले छोड़ी। अर्कोपट्टि शंकरलाई अपार धन राशिको अनिवार्यता सदैव भइ रहने। आमाचाहिंको गहनासम्म उसले भनेन, बेच्न थाल्यो। त्यसमाथि ऋण खोजी शंकरले शीला लाई दिल्ली कौं कन्नाट प्लेस घुमाउन पुरायो र आगराको ताजमहल देखायो। यसरी भ्रमण गर्दै दुवै काठमाडौं पुगे दुइ महीना पछि। राजधानीमा पुगे कै दिन शंकरले भन्यो—'शीला मेरो भाइ शेखर यसै ठाउँमा छ।'

'कुनचाहिं भाइ ?' शीलाले आश्चर्यता दर्शाई।

'बड़ा बाको छोरा; माई अन्कल्स सन·····क्या·····। अनि उ एउटा डाक्टर·····!'

'ओः त्यसो भने मान्छे बड़ो लायकको होला।' उ केही मुस्कुराई।

'यस·····' उसले सिगार सल्काएर पिउन थाल्यो।

शंकरले सूचना विभागबाट पत्तो लगाउँदा शेखरको ठेकाना पायो। राजधानीको प्रमुख अस्पतालको मान्नीय डाक्टर भएको थिएछ—श्री शेखरचन्द्र! साँझको बेला शंकर र शीला उसको निवासस्थानमा पुगे। शेखरले साथकी स्त्रीको परिचय चाहेको थियो,—'यहाँ·····?'

शंकरले तुरंत उत्तर दियो,—'तिम्री भाउज्यू! माई डार्लिङ्ग!!

शेखरलाई बारूला लेचिलेझैं लाग्यो। विन्दुसित दाउज्यूको विहा भएनछ—उसले त्यति सोचेर शीलालाई स्वागत ग-यो कर जोड़ी,—'नमस्ते!' शीलाले दन्त देखाएर प्रत्युत्तर दिई।

त्यसदिन देखि दम्पत्ति रॉयल होटेलबाट आएर त्यहीं बस्न थाले। शेखरको समय बिमारहरूको हेरचाहमा बित्थ्यो। नौबजे कार्यालयमा जान्थ्यो र ठीक चार बजे फर्कन्थ्यो। कहिलेकही सिकिस्त बिमारहरूलाई हेर्न रातिहुँदोपनि जान्थ्यो। त्यसो भएकोले शीलाले राम्ररी कुराकानी गर्न पाएकी थिइन। नभन्दै एक साँझ शंकरको अनुपस्थितिमा शीलाले

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा जुझाएर भनी,--'स्त्रीविना तपाईको जीवनमा केही रस छैन। स्वास्नीमान्छे बिना तनाईलाई जीवनको सार थाहा हुँदैन।'

'त फेरि के गरूँ ?' शेखरले स्वाभाविकता दर्शायो।

'प्रेम गर्न सिक्नोस्, गर्ल फ्रेण्ड चुन्नोस्।'

'भाउज्यू ! हामी डाक्टरहरू ~~बेकुसंदी हुन्छौं~~।' फुरश्तें कम'।

'हो-है ढँटुवा !' भनी अलिकति मुस्कान देखाई। शेखरका गालामा प्याट्टै हिर्काई। शीलाको स्वभावको उसले नराम्रो मानेन। यसरी देवर भाउज्यू परस्परमा छिटै निक्कै कुराकानी गर्न थाले। शीलाले एकपल्ट त भनिसम्म दिई,--'देवर भाउज्यूको नाता अत्यन्तै निकटको हो हो। भाउज्यूको करले शेखर धेरै ठाउँहरूमा घुम्न गयो। शंकरले पत्नीको आजादीमा रोकटोक गरेन।

एक साता बसेर शंकर र शीला विराटनगर फर्कने भए। दाज्यू भाउज्यूका लागि उसले हवाईजहाजबाट जाने बन्दोबस्त ग-यो। त्यस सिलसिलामा मुक्त कंठले उसले देवरको प्रशंसा गरी,--'शेखर ! कस्तो असल छ, हाम्रो कति ख्याल राख्छ।' शंकरले स्वीकारसाथ टाउको हल्लायो। अनि हवाईजहाजमा चढ्ने बेलामा शीलाले भनी,--'नानी ! यसै महीनामा घरमा आउनोस्। कति घरदेखि टाढ़ो बस्नु हुन्छ। हामी सबैको माया गर्नु पछं है। नत्र मैं लिन आइपुग्छु नी !'

'शेखर ! तिमी घर आऊ.....।' शंकरलेपनि भन्यो। तदुपरान्त दुवै हवाईजहाजमा चढ़े। शीलाले रूमाल हल्लाइरही। एकछिनपछि हवाईजहाजले भूइँ छोड़यो।

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ अध्याय

शीलाले विमलालाई समाचार सुनाई,—'बड़ी ! देवरसित काठमाडौं घुम्यौं, डुल्यौं । वाह ! कस्तो गजबको हुनुहुन्छ हाम्रो देवरसाहेब !' विमलाले मुस्कुराउँदै स्वीकार गरिन् । तर विन्दुलाई मनमा चिसो भयो ।

'घर आउने कुरा गर्दैनथ्यो त्यसले ?' उनले सोधिन् ।

'मैले भनेकी छु कि कसैगरीपनि चाड़ै विराटनगर आउनु होला । उनले मंजुर गरेका छन् । शायद यस महीनामा नभए अर्को महीनामा आउँलान् ।' त्यति भनेर उ बाहिर निस्की । लक्ष्मीले हपार्दा उसले सासुको पर्वा नगरी कुममा साड़ीको पल्ला चढ़ाउँदै सटकपट्टि लम्की । लक्ष्मीले टवाँह परेर हेरि रहिन् । शंकरको पनि यतापट्टि गयो भन्ने पत्तो थिएन ।

लक्ष्मीलाई मनमा सुख थिएन । कारखाना वेचियो, तैंपनि शंकरको र शीलाको होश आएन । रातदिन दुवै घुमि हिंड़थे । छोराका साथी—थिए—केटाहरू र वुहारीका साथी थिए—केटाहरू । त्यस विषयले तिनलाई साह्रै नराम्रो लाग्थ्यो । भएभरको सम्पत्ति सकिसकेको थियो । विन्दुलाई वुहारी नवनाएकोमा तिनलाई पश्चातापनि लाग्थ्यो कहिले-कही ।

रातका दस वजेतिर भर्खरै राखिएकी नोकर्नी सेतीलाई लक्ष्मीले सोधिन्,—'छोरा-वुहारी अझ आएनन् ?'

'आउनु भएको छैन ।'

'यिनीहरू कहिले घरमा वस्ने होइनन् । कामकुराको ध्यान छैन ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'वरू, हजूरले भान्सा लिनोस् । उहाँहरू अबेर गरी आउँलान् । त्यैमाथि अचेल झगड़ामात्रै गर्छन् !' सेतीले पोल खोली ।

'हँन, कहिले ~~कान~~ देखि ?' तिनको प्रश्नमा आश्चर्यता व्याप्त थियो ।

'अस्ति देखि मैंले भनावैन भएको सुन्दैछु ।'

'हुनेवेलामा.....!' तिनको दुःख बढ़िरहेको थियो, उनले अनुभव गरिन् ।

शीला कतैबाट आइपुगी । देख्नबित्तिकै लक्ष्मीले सोधिन्,—'खोइ शंकर ?' उसले ओठे जवाब दिई,—'कसैकी गोठाल्नी होइनँ म । घुम्न र माःत जान हुन्न र ! दिनभरी कसरी घरै ढुकिरहनु ? घरको काम-धन्दा तपाईंहरूकै हो ।'

'लौ हेर, यसको मुख ! उसको लोग्ने कता गयो, सोपनि थाहा छैन, भन्छे । कामकाज तैंले नहेरे कसले हेर्ने तब । त्यसमाथि मसित मुख जोत्छेस् ।'

'तपाईंहरूकी नोकर्नी भएर आएकी होइनँ । घनीकी छोरी हुँ, एकलौती छोरी ! मेरा आमाबाबुले पढ़ाए लेखाए, बिहेमा दाइजो दिए । मलाई कसैको डर छैन ।'

'रातदिनको खर्चका लागि तेरो बाबुले पैसा कहाँ दियो ? हरे शिव ! शंकरले के दिनमा मन पराएर बिहे गर्छु भन्यो ! शंकरलाई

CC-0. In Public Domain. Digitization by eGangotri

पच्छाइ रहिस्, चिट्ठी लेखी लेखी बिहे गर्न कर लगाउने तैं होस् । मेरो छोरालाई बिगारिस्, यसघरि तैं हाम्रो बेइज्जती गर्छेस् ।'

'यस्तै बानीबेहोरा भएर त सबले पत्याउँदैनन्––आमा छोरालाई ।'

त्यतिखेरै शंकर घर्फरिँदै रंगमंचमा देखा प-यो । लक्ष्मीले पोल हालिन्,––'शंकर ! तेरी स्वास्नीले मनमा जे आयो त्यही भन्छे । दिनभरि घुमिहिँड्छे, कसरी जीविका चल्ला मेरो पालापछि । लौ––शंकर ! भन् तब ।'

जिम्रो लर्बराउँदै उसले भन्यो,–'मलाई नसोध शीलालाई सोध ।' शीलाले बीचैमा घुर्की बताई,––'दुवै आमा छोराको ढंग छैन, मलाई द्रोषाईकन के हुन्छ । आमा बाबुले भन्नु भएकै छः सासु र लोग्नेको ढंग छैन । दुःख भए माइतै बस्ने कुरा भएको हो ।'

शंकरले जोशमा आएर स्वास्नीको पाखुरामा च्याप्पै समात्दै जवाब दियो–'यस्तो फुटानी गरेको मलाई राम्रो लाग्दैन । यू..... नो..... ?'

'किरा परेको हात !' लोग्नेलाई सम्पूर्ण शक्तिले धक्का उसले दिई । शंकरको पक्राउबाट पाखुरा खुस्काएर द्रुतगतिले कोठातिर गई शीला । यसरी त्यसदिन कसैले भान्सा गरेनन् ।

विमलाले शंकर, शीला र लक्ष्मीलाई मिलेर बस्ने अर्ती दिन्थिन् । कसैले टेर पुच्छर नलगाउने । छोरो बुहारीको पिरोलाले लक्ष्मीभने

CC-0. In Public Domain. Digitization by eGangotri

निक्कै उदास हुन्थिन् । कहिलेकही विन्दुलाई पनि राम्रो मुखले बोलाउँथिन् । आफूले गरेको कर्म उपर सोच्दा ती झाल्यांस्स हुन्थिन् र पुनः पहिल्यैझैं कठोर व्यवहार गर्नमा लक्ष्मी व्यक्तिगत सम्मान ठान्दथिइन् । तिनलाई बुहारीमाथि भन्दापनि छोराउपर रिस उठ्थ्यो । उसका लागि तिनले म नावश्यका लण्ठाहरू गरिन् । बी० ए० पढ़ाउने जवबदेही तिनै थिइन्, त्यै छोराले तिनको भनाइको कदर गर्न छोड़ेको थियो । तैपनि कुनै आन्तरिक प्रेरणा जाग्रत हुने–उसका लागि अमूल्यभन्दा अमूल्य वस्तुको बलिदान दिन, समर्पण गर्न र हत्या गर्न कटिबद्ध हुनेछु, शंकरका लागि सर्वस्व त्याग्ने छु । उनको दृष्टिमा संसारमा कुनै अमूल्य भए सोहि शंकर ।

शीलाले सम्बन्ध राख्नेका लाग्नेछेहरूमध्ये रमेश सबभन्दा पियारो थियो । रमेशको घर शीलाको माइत घरदेखि टाढ़ो थिएन । अस्ति घरान रोइमा शीला र रमेश हिड़िरहेका थिए र शंकरसित झम्टाभेंट हुँदा बड़ा होशियारीसित शीलाले परिचय गराएकी थिई,—'डियर ! यहाँ हुनुहुन्छ रमेश, मीत–दाज्यू ।'

रमेशले हात मिलाउँदै भनेथ्यो,—'बहिनीले तपाईंको चर्चा गरिरहनु हुन्छ तर मौका पर्दैन ।' शंकरले जवाब दिएन । उसका मनमा अर्कै कुरा पस्यो । रमेश विदा भएर तेसैंतेसो लाग्यो र शीला र शंकर चुपचाप घर फर्के । शंकरले भान्सापश्चात् तकियाको पाटामा आँलीले कोरिरह्यो—उसलाई मन पर्ने भाषामा,—'आई विल किल····।'

CC-0. In Public Domain. Digitization by eGangotri

शीलाले उसले कोरेको पढ्ने कोशिश गरी तर राम्ररी पढ़न सकिन ।

एक-दुइ दिन गर्दै समय बित्दै गयो । शंकरको ऊंच्छृखलता बढ्दै गयो । यहाँ तक कि शीलाको गहनापनि उसले भनेन । घरमा भएको झिटिमिटी तुरिन्दै गयो । श्रीसम्पत्ति नदारद भएको देखेर लक्ष्मीलाई मनमा ठूलो आशंका उठ्न थाल्यो । तिनलाई अनुभूति हुन थाल्यो कि आफूले कुनै काम बिगारेछैं । छोरोको चर्कीकलामाथि बुहारीको स्वतन्त्रताले तिनी थाकिसकेकी थिइन् । यसत्यसले गर्दा लक्ष्मीको घरमा निर्धनताको राज्य प्रारम्भ भयो । धन-सम्पत्तिको नाउँमा केही जमीन बाँकी रहेको थियो जसको आयस्ताले गुज्रान चलिरहेको थियो । त्यस्तो विकट समस्याले यदाकदा शंकरपनि झस्कने तर सुरा र सुन्दरीको पूरक रूपियाँ पाउँदा उसको समस्याको निदान निस्कँथ्यो । धनाभावले बुहारी सासुसित मुख लाग्थी र माइतको ध्वस बताउँथी । त्यसै सिलसिलाको बीच पर्नुपर्दा लक्ष्मीले छोरीलाई बोलाउन मान्छे घरान पठाइन् । आमाको समाचार सुनेर माधुरी माइत आइपुगी अर्को दिन । दाज्यू भउज्यूको चाला उसलाईपनि उचित जँचेन । तर लक्ष्मीलाईभने निक्कै शांति मिल्यो । अब तिनले सारा बिर्लोना छोरीलाई सुनाउन थालिन्, माधुरीलाई संसारको अवगुण बताउन लागिन् । अनि सारा दोष विमलाउपर लगाउन छोड़दैन थिइन् तैपीन । विन्दुकोभने तिन ले कुराकंथै निकाल्दैनथिइन् । माधुरीले बड़ीआमालाई नदोषाई आफनै भाग्यलाई दोषाउँथी । यसरी संक्षिप्तमा विमलाको घरमा श्रीवृद्धि हुँदै-

CC-0. In Public Domain. Digitization by eGangotri

गयो अनि लक्ष्मी को घर श्रीविहीन भयो । अतः लक्ष्मी पल्लो घरमा जानै छोड़िन् ।

भोलिपल्ट एकाविहानै विन्दुले पल्लो घरमा माधुरीलाई देखी देखनबित्तिकै मधुर कंठले पुकारी,—'माधु ! कहिले आयौ ?'

'हिज वेलेकीपछि आउनाले सुस्ताएर बसिरहें ।' सहज भावल प्रत्युत्तर उसले दिई । भित्रबाट फुत्तै विमला निस्केर आश्चर्यता प्रकट गरिन्,—'छोरी ! एक्लै आइस् ?' माधुरीले भूइँ सोहोरी ढोकी रे तिनले उसका पाउ छुँदै निधारमा म्वाइँ खाइन् । लक्ष्मीले ढोकाको छिस्किनीबाट चियाएर ओठ टोकिन् । विन्दुले उसका हातमा समातेर घरभित्र हुली । एकछिनपछि तल्लामथि दुवै युवतीको हाँसोको प्रतिध्वनि सुन्दा लक्ष्मी रीसले आगो भइन् र विमला अति प्रफल्लित ।

मध्याह्नमा शीला माइतबाट आइपुग्दापनि शंकरको पत्तो थिएन । माधुरीसित शीला निकैबेरतक कुराकंथा गरी फेरि स्वाट्टै कतै हिंड़ी । वेलुकीपख दाज्यू घरां आउँदा उसले सम्झाउने चेष्टा गरी,—'दाज्यू ! आमाको ख्याल राख्नु पर्छ ।' शंकरले उपयुक्त उत्तर नदिई उसको गालामा बिस्तार छुएर भन्यो,—'जस्तो तिम्रो इच्छा ।' त्यति कथोपकथनका पश्चात् आफ्नो कोठाभित्र पस्यो । जिल्ल परेर उससे हेरिपठाई ।

× × × × ×

CC-0. In Public Domain. Digitization by eGangotri

एक महीनापछि शेखर काठमाडौंबाट घरां आइपुग्यो। विमला र विन्दुको हर्षको सीमाना थिएन। साँझ हुनेवेलामा शीला डुलेर घरमा वास बस्न फर्कंदा आँगनामा शेखरलाई देख्दा तीनछक्कै परी,–ओः शेखर!' विन्दुले शीलाको हावभाव उपर ईर्ष्यालु आँखाले हेरी। उसको नारी हृदयमा कुठाराघात लाग्यो अनायासै। उसलाई अवगत भएन कि कुन कारणले उसको मन छियाछिया भएको थियो।

'भाउज्यू! पन्ध्र दिनको विदामा घर आएको, किनकि तपाईंले-पनि मलाई बोलाउनु भएथ्यो।'

'हो त साँच्ची।' उसले स्वीकार गरी अति प्रसन्नसाथ।

त्यसपछि दुवै घरभित्र पसे। विन्दुले एकपालि साँघरबाट चियाएर बाहिर निस्की। भान्सेनीका हातबाट चियाका कप खोसेर विन्दुले शेखर र उसलाई टक्राई। शंकरको ओठमा मधुर मुस्कान छाएको थियो। शीलाले भनी,–'शेखर! काठमाडौं को वातावरण मलाई औधी मन पर्छ अनि मैंले बासित बिन्ती गरेकी छु तीन चार महीना वहाँ गई बस्नलाई।'

'झन् असल हुनेछ-भाउज्यू!' कदाचित् उसले आशय नबुझी सहमति दिएजस्तो विन्दुलाई नलाग्दा झट्टै बाहिरिई। देवर भाउज्यूले गपशप गर्दै चिया पिउन थाले। एकछिनपछि शीलाले हाँसेको प्रतिध्वनि बाहिरवाट सबले छर्लंग सुने। त्यसपछि शीलाले उसलाई उसको माइत घरमा जाने निम्तो दिई। लगभग एक घण्टाजस्तो कुराकानी

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर शीला पल्लो घरभित्र पसी अनि शेखर र विन्दुका आँखा जुझे यतातिर ।

शंकरको मानसिक पीड़ा बढ़िरहेको थियो पत्नी प्रेमाभावले । उ चाहन्थ्यो प्रेम स्वास्नीले देखावोस् अनि ससुरालीमा उसको यशको गीत गाइयोस् तर ती सब कुराहरू उसका लागि प्राप्त हुन छोड़े । शेखरको प्रशंसा शीलाको मुखद्वारा सुन्दा उसलाई कस्तो कस्तो लाग्थ्यो । त्यसमाथि धनाभावले उसको सामाजिक मान हानि भएको उसले चाल पायो । उसले विलासिता अनुभव गरेको थियो र सहनशीलताको संज्ञा तक जानेको थिएन । विशेषतः कसैको अधीनता स्वीकार गर्ने उसको स्वभाव थिएन र उ चाहन्थ्यो प्रशस्तै धन सम्पत्ति औ त्यसबाट उसले मादक मदिरा पाउँथ्यो साथै विलास-साधन ।

हिजअस्ति आएको भाइ शेखरसित उसले प्रस्तावना राख्यो,—'शेखर, तिम्री भाउज्यू चाहन्छे कि कुनै दिन पिकनिकको प्रोग्राम गरौं ।' शंकरका मुखाकृतिमा त्यसघरि सधैंझैं प्रसन्नता अंकित थिएन ।

'अवश्य.....।' उसले स्वीकार गरेथ्यो । त्यतिखेरै घरभित्रबाट माधुरीले पुकारी,—'दाज्यू ! आमाले बोलाउनु हुँदैछ ।' अतः शंकरले भित्र प्रवेश ग-यो । शेखरले दाज्यूको स्वभावमा परिवर्तन देख्यो । वस्तुतः शंकर पहिलाको शंकरझैं थिएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

पंचम अध्याय

'मलाई बोलाउनु भएको ?' विन्दुले प्रश्न गरी कोठाभित्र पसेपछि।

'विन्दु ! तँलाई एउटा कुरा भन्छु।' विमलाले शेखरउपर दृष्टि जमाउँदै फस्टाइन,—'तेरा पिता र मेरा देवरले स्वीकार गरेका थिए कि शंकरसित तेरो बिहे गरिदिनलाई। समयमा भनेजस्तो हुन सकेन। कारण, थाहै छ। अब शेखरसित तेरो जोड़ी बाँधिदिनु प-यो। के भन्छस् त नानी विन्दु ?' त्यो युवा लाज औ हर्षले रातै भई। ईश्वरलाई धन्यवाद टक्राउने सम्म उसकाँ फुर्सद थिएन। निरुत्तर टाउको निहुराइ-रही। केही मुस्कानसाथ शेखरलाई वक्र दृष्ठिले ताकेर जुरुक्कै उठी बाहिर फुत्तै निस्की। शेखरलाईपनि भित्रभित्रै कुत्कुती लाग्यो। विमलाले निर्णये सुनाइन्,—'शेखर ! बाबुबराज्यूको आज्ञा-पालन तैले गर्नु पर्छ, त्यसर्थ यसैपल्ट बिहे गरी काठमाडौं जा—छोरा !!' विन्दुले भान्साघरको साँवरबाट कुराकानी ध्यानपूर्वक सुनिरहेकी थिई। उसको वक्षःस्थलको स्पन्दनको गति बढ़िरहेको थियो। अझ तिनले भूमिका मिलाइन्,—

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चाताप]

'नानी-बाबै, यस्ती लक्षणकी केटी भाग्यलेमात्रै पाइन्छ। यसैसाल मैट्रिक-पनि गरी। राम्ररी पढ़न पाएकीभए पहिल्यै पास गर्ने थिई। त्यसमाथि मलाई साह्रै माया लाग्छ यस केटीको, सानैदेखि यहीं हुर्केकी।'

'शायद बिन्दुलाई यो नाता मंजुर छैन क्यारे।' शेखरले मनतव्य प्रकट ग-यो।

'कसरी त्यसो भन्छस्?' साश्चर्य विमलाका श्रीमुखबाट प्रश्नबाचक शब्द निस्क्यो।

'किनकि उ चुपचाप उठेर बाहिर निस्की।' शेखरको भनाइमा विस्मयता थियो। हाँसोको गुञ्जायमान ध्वनि एकाएक उनका मुखबाट निस्क्यो,—'हँन, तैले देखिनस् बिन्दुको जवाब? आँखाको चालले जे भन्नु पर्ने थियो भनि हाली नी। बिहेमात्रै गरिहाल्न, सबै कुराको पत्तो पाउँने छस्।' उसले आमाका मुखमा टवाँह परेर हेरिरह्यो। साँघरमा उभिएकी चंचलाश्रीले मुस्क्वाइ दिई,—'आफू त डाक्टर रे, त्यतिपनि नबुझ्ने।'

बिन्दुर शेखरको बिहे हुने समाचार सबले चाल पाए। शीलाले हृदयोद्गार प्रकट गरी,—'शेखर! मलाई हर्ष लाग्यो बिहे हुने कुरोले।' उसले भाउज्यूको अनुहारको भाव-अभिव्यक्ति पढ़ने कोशिश गर्दै जवाब दियो,—'भाउज्यू! वैवाहिक सूत्रमा नबाँधिई सांसारिक रीति पूरा हुँदैन रैछ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'शेखर ! जीवनमा नारीको स्थान महत्वपूर्ण छ ।' उसले विद्वता दर्शाई र त्यस दिन देखि उ देवर भएकाँ प्रायः आउन छोड़ी । भाउज्यूको अस्वाभाविक परिवर्तनको अघात असह्यहुँदा अर्को दिनको दिउँसो सोध्न पुगेथ्ये,—'भाउज्यू ! तपाईं रिसाउनु त भएन ?'

'नानी ! अचेल सञ्चोभनेको पटक्कै छैन ।'

तुरंतै भाउज्यूको नाड़ी समातेर उसले मनतव्य प्रकट गन्यो,—'ज्वरो त छैन ।' शीला थिई मौन ! निरुत्तर ! ! एकछिनपछि यताउताको गन्थन गरी शेखर आफ्नो घरभित्र पस्यो । शीलाले ग्लानि अनुभव गरी । उसको मन स्थिर थिएन ।

चारैपट्टि निम्तो पठाइयो । विवाहोत्सवको दीपक बालियो । विन्दु-लाई एउटा सम्बंधीको घरमा राखियो । रीतिअनुसार बरियात ब्याहुली लिन हिँड़यो । विन्दुको हर्षको सीमाना थिएन । उसको मानस पटमा शेखरको चित्र चित्रित थियो । उसले लाखौंबार ईश्वरलाई धन्यवाद टकाई । विमलाको प्रशंसा गरेर ओ अघाइन । यसरी उसको सिउँदोमा सिन्दूर पऱ्यो अनि उसले पतिरूपमा पाई शेखरलाई । बिहे सुसम्पन्न भयो अनि विमलाले वचन पूरा गरिन् ।

तिनैताक काठमाडौंबाट वकील बालचन्द्र शर्माले आइपुगेर समाचार सुनाउनु भयो,—'श्री केशवज्यूले विन्दुको बिहे भएपछि सारा सम्पत्ति जिम्मा लगाउने कागत पत्र बनाउनु भएको थियो । ठीक्क मौकामा आइ-

CC-0. In Public Domain. Digitization by eGangotri

पुगे छु, अब सारा कुराहरू सम्झाई म विदा लिन्छु ।' त्यो गुप्त कुराको उद्घाटनले सबै आश्चर्यचकित परे । लक्ष्मीले पतिको दूरदर्शिताको निंदा गीरन् र विन्दुलाई आफालेकोमा पछितो । शंकरले झल्यास्सै सम्झ्यो,—'मलाई ती रूपियाँको खाँचो छ तर खोस्न भएन ।' त्यसपछि पाँच पंचका सामुन्ने विवरणसहित वकीलज्यूले सारा कागज-पत्र विन्दुलाई सुम्पिनु भयो । वकील महोदय पारिश्रमिक लिई काठमाडौं फर्कनु भयो । विन्दुले सारा कागज-पत्र सासुका पाउमा राखिदिई,—'आमा ! तपाईंको मायाले पुगिसरी आएको छ ।' विमलाले त्यसै सम्पतिबाट सम्धी राजबीरसिंहको नाउँको अनाथाश्रम स्थापित गरिन् । उनले मनमनै कल्पना गरिन्—दुहुरा-टुहुरीको भलो हुनेछ । गरीब केटाकेटीले आश्रय पाउनेछन् । मेरा सम्धीको नाउँ अमर रहने छ ।

बिहेमा दिएको रातो साड़ी लगाएर विन्दु घरमनिको बगैंचामा उभिएकी थिई । माधुरीले पुकारी,—'भाउज्यू !' विन्दु तरङ्ग तर्सी । जीवनमा उसले पहिलोपल्ट सो शब्द- सम्बोधन सुन्दा मनभित्र कुत्कुती लाग्यो । नाकका टुप्पामा छोइदिई फेरि उसले पुनरावृति गरी,—'ए भाउज्यू !' विन्दुले खालि मुस्कुराइमात्रै देखाई । माधुरीले उसका कोमल करमा च्याप्प समातेर ढिपि गरी,—'म तिम्रो मुखबाट कुनै गीतको राग सुन्न चाहन्छु ।'

'बुहारीले गाउन हुँदैन । बरू, तिमी गाऊन—त्यो मीठो गीत ; नजाऊ परदेश ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'लौ तब, म केटी तिमी केटा।' नंदले स्वीकृति दिई। विन्दुलेपनि टाउको हल्लाई र माधुरीले लय हालेर गाई :—

नजाऊ परदेश
के गर्नु धन ले ?
स्वदेश हाम्रो नेपाल हाम्रो
नजाऊ परदेश..... ।१

विन्दु :—
नरोऊ तिमी
फर्केर आउँला,
विदेशबाट कमाई धन
बनाऊँला जीवन ।
नरोऊ तिनी । २

माधुरी :—
नजाऊ परदेश
स्वदेश हाम्रो-प्रकृति शोभा ।
हरियाली बन
यही हो धन
जीवन सजाउँला । ३

त्यतिखेरै पल्लो घरबाट पिस्तौल फायर भएको प्रतिध्वनि दुइपल्ट आयो। त्यस प्रतिध्वनिमा अशुभ अनि मृत्युकोसन्देश सम्मिश्रित थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

छर छिमेकी एकत्रित भए। घरका मानिसहरू लगायत एकाध भला-झीहरु शंकरको शयनकक्षमा अत्तालिदै पुगे। दर्शकगण का अगाड़ि शीला र शंकरका मृत शरीर थिए। तातो रगत को वहाउ थियो, पिस्तौल मृत शंकर को हातमा थियो औ थियो एउटा लिफाबिनाको पत्र। लक्ष्मी एकपल्ट जोरसित चिच्चाएर मूर्च्छित भइन्। विन्दु माधुरी र विमला डाका छोड़ी रून थाले। शेखर का गहमा नेत्रजल भरियो। एकजना मानिस पुलिस चौकीमा शेखरले पठायो। लक्ष्मीले आँखा उघारेर चारैतिर हेरिन्। तिनलाई विश्वासै थिएन कि शंकरले यत्रो ठूलो हत्या-काण्ड गर्न सक्थ्यो। विमलाले रूँदै कराउँदै देउरानीलाई सहारा दिइन्। प्रिय पुत्र र बुहारीका मृत देह उपर क्षणभर दृष्टि जमाएर मुखछोपी करुण स्वर सुनाइन्,—'दैवको मार मैमाथि पर्नु गयो। मेरो कुल को बत्ती निम्यो। हे नारायण! मलाईपनि हर, कसलाई हेरी मैले जिउने?' थानाबाट पुलिस अफसर सिपाहीहरूसित आयो। सबलाई शांत रहने संकेत दिँदै अफसरले घटना स्थलको प्रत्येक वस्तु उठाउन थाल्यो। सबका सम्मुख उसले त्यही पत्र पढ़न थाल्यो:—'मेरो र शीलाको आकस्मिक मृत्युमा कसैलाई दुःख अनि खेद नपरून् भनी यो चिट्ठी लेखिरहेको छु। म झैं पथ भ्रष्ट युवक र शीलाझैं विश्वासघातिनी पत्नी को अन्त यसरी भएकै राम्रो छ। मलाई पैसाको खाँचो छ, मलाई मदिरा चाहिन्छ अनि चाहिन्छ विलास-साधन! मैले काफी धन गुमाएँ कुपथमा। मैले नगर्नु-पर्ने कुकर्म गरें। त्यसमाथि स्वास्नीको प्रेम-नाटक आँखाले देखें। सुन्नोस्, —शीला को रमेश दाससित अनुचित सम्बंध भएकोले मलाई विष खुवाई मार्ने गुप्त भेद थियो। शीला माइत गएको बेला गुप्तरूपले चियो गर्दै उसको पछि लागें। एकछिनपछि रमेशदास आयो। दुवैले सरसल्लाह

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाउन थाले त्यसपछि दुवैको घृणित सम्बंधको नाटक शुरू भयो। सो दृश्य देखेर मेरो रिसको ठेकाना थिएन। मैले निश्चय गरें कि दुराचारिलाई दण्ड अवश्य दिनुपर्छ। मेरो मनमा उसको हत्या गर्ने दृढ़ता बढ़्यो। उसलाई मारी पापको प्रायश्चित गर्नार्थ आफैंपनि मरिरहेको छु। यो योजना मैले एक महीनादेखि बनाइरहेको थिएँ। मेरो जीवन को अंत भएकोमा कसैले फिक्री नगरे भेश हुनेछ।

—शंकरचन्द्र।'

दम्पतिको दाह संस्कार गरियो। लक्ष्मीलाई पश्चाताप लाग्यो कि छोराको काल तिनी खुदै थिइन्। मलामीहरू गएउपरान्त पछितोको ज्वालाले पोल्दा लक्ष्मीले रूँदै विलाप गरिन्,—'मैले नजान्दामा शंकरले चोला उठायो। मैं पापिनीले गर्दा विन्दुले, दिदीले र शंकर काबाले दुःख पाए; कष्ट उठाए।'

विमलाले सम्झाइन्,—'कान्छी! यसमा तिम्रो केही दोष छैन। यो भाग्यको खेल हो।'

'होइन दिदी! मेरै कसूर छ सरासर। तपाईंले सम्हाल्ने कोशिश नुं भएको थियो।'

त्यसपछि तिनले छेवैमा बसेकी विन्दुका केशरासी सुमसुमाउँदै भनिन्,—'विन्दु। म अभागिनीलाई माफ गरि दे।' विन्दुका सुनयनबाट अश्रुका बूंद टप्किए।

CC-0. In Public Domain. Digitization by eGangotri

बीचैमा शेखरले सान्त्वना दियो,—'काकी ! एउटा छोरो मरेपनि अर्को छोरो म छँदैछु । बहिनी माधुरी र म तपाईंहरूका सन्तान रहौं । विन्दु तपाईंकी बुहारी हो ।'

आँसू पुछ्दै तिनले भनिन्,—'शेखर ! मेरो उमेरपनि तँलाई लागोस् —छोरा !'

रात बिती बिहान भयो । त्यसदिनदेखि छुट्टाइएको चुल्हा एकै ठाउँ भयो लक्ष्मी अबेर गरी उठिन् । दैनिक क्रियादि गरेउपरान्त तिनले भनिन्,—'विन्दु ! ऊः ताकमा तेरा ससुराले राखिछोड़नु भएको पुस्तक छ, यहाँ ल्याई दे । मनें बेलामा सधैं त्यँ पुस्तक पढ़नु हुन्थ्यो, त्यँ भगवान् रामको कथा भएको पुस्तक !' उसले भनेजस्तो गरी । माधुरी आमाका छेवैमा आएर बसी ।

'नानी-विन्दु ! मलाई पढ़िकन सुना । अब देखि साँझ बिहान पढ़ी मलाई सुना ।'

आदि कवि भानुभक्त को रामायणको प्रथम चरण विन्दु र माधुरीले लय हालेर बाँच्न थाले ।

विमला र शेखर सिलोकको लय सुनेर बाहिर निस्के र मुखामुख गरी केही मुस्क्वाए । लक्ष्मी एक चितले रामायणको सिलोक सुनिरहेकी थिइन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सिरजीवी पुस्तकालय
Sirjanjivi Library

आगामी प्रकाशन

१. वीणा-विक्रम (उपन्यास) चन्द्र प्रसाद नेपाली

२. विलौना (कथा कुथुंग्री) माया देवी सुब्बा (यसको भूमिका श्री माधव भण्डारी [illegible] लेखिइएको छ ।)

मुद्रक — पाहवा प्रिंटिंग प्रेस, अमीनाबाद, लखनऊ ।